# पुष्पाश्री

टुक्का कविता सङ्ग्रह



पुष्पा राई

# पुष्पाश्री

(टुक्का कविता सङ्ग्रह)

✍ पुष्पा राई

प्रकाशक : कृष्ण राना

प्रथम संस्करण: २०८० साल

मुद्रक: शुभश्री गणेश प्रिन्टिङ्ग प्रेश

मोल: दुई सय पचास

सुरक्षित: २०८० (लेखकमा)

प्रति: १००१

ISBN: 978-9937-1-4377-6

# समर्पण

यस धर्तीमा जन्मदिई शिक्षादीक्षा सहित सबल बनाउनु हुने मेरा श्रद्धेय पिता रघुमान राई तथा ममतामयी माता आश माया राईप्रति यो पुस्तक समर्पण गर्दछु ।

# प्रकाशकीय

नेपाली साहित्यको काव्य विधा अन्तर्गत २०७७ साल श्रावण २५ गते ताराप्रसाद चापागाईंको परिकल्पनाबाट शुरु भएको लघुत्तम काव्यिक उपविधा टुक्का कविताको लेखन शुरु भए पश्चात् टुक्का कवितामा हजारौं सर्जकहरूले सक्रिय रुपमा कलम चलाइ रहेका छन् । अहिलेको व्यस्त जिवन शैलीसँग सुहाउँदो भएका कारणले नै टुक्का कविताले छोटो अवधिमा बढी लोकप्रियता हासिल गर्न सफल भएको हो ।

हजारौं सर्जकहरू मध्ये टुक्का साहित्य समाजको केन्द्रीय सदस्य टुक्काकार पुष्पा राईले एकल टुक्का कविता सङ्ग्रह "पुष्पाश्री" प्रकाशन गरेर नेपाली साहित्यमा एउटा ईटा थप्नुको साथै नविनतम् काव्यिक उपविधा टुक्का कविताको नारी हस्ताक्षरमा प्रकाशित प्रथम सङ्ग्रह बन्न सफल भएको छ ।

यो ऐतिहासिक सङ्ग्रहलाई प्रकाशन गर्ने सुनौलो अवसर मलाई प्रदान गर्नु भएकोमा पुष्पा राईज्यु प्रति कृतज्ञता जाहेर गर्दै हार्दिक बधाई तथा शुभेक्षा अर्पण गर्दछु ।

कृष्ण राना

प्रकाशक

# भूमिका

## टुक्का कविता सङ्ग्रह : पुष्पाश्री

मनमा उब्जिएका भावनाहरूलाई साहित्यको विधागत नियममा ढाल्दै कलात्मक शैलीमा सिर्जना गर्न सक्ने क्षमताको आधारमा सहित्यकारको स्तर निर्धारण गर्न सकिन्छ ।

परापूर्व कालदेखि विविध शैलीमा साहित्यको विकास हुँदै आएकोमा प्रविधिको विकाससँगै साहित्य लेखन र प्रस्तुतिको शैली पनि परिवर्तन हुँदै आएको छ । भागवत गिता, रामायण, महाभारतका कथाहरू पढेर कण्ठस्थ पार्ने र सुनाउने शैली परिवर्तन भएर हाल भिडियो र अडियोको माध्यमले ठुला ठुला ग्रन्थहरूको पनि सजिलै रसपान गर्न सकिने अवस्था आएको छ ।

आफ्नो देशको भाषा र साहित्यमा सरकारी तवरबाट खोज अनुसन्धान र विकास गरिनु पर्ने भएता पनि नेपालमा भने सरकारी तवरबाट खोज, अनुसन्धान र जगेर्ना सम्बन्धी नगन्य कामहरू मात्र हुने गरेका छन् । गहिरिएर हेर्दा नेपाली संस्कृति, भाषा, सहित्यको जगेर्नाको लागि स्वस्फुर्त रुपमा व्यक्तिगत पहलमा स्थापना भएका केही संस्था र व्यक्तिगत सक्रियताबाट भइरहेको कार्यहरूबाट मात्र नेपाली साहित्य बाँच्न सफल भएको महसुस हुन्छ ।

जिउनको लागि नै मरिहत्ते गरेर सङ्घर्ष गर्नु पर्ने अहिले व्यस्त जिवनशैलीमा हरेक मिनेटको सदुपयोग गर्न लालायिन सर्जक र पाठहरूलाई लामा शैलीका साहित्य लेख्न र पढ्न समय अभाव भएको महसुस हुन आउछ । वृहत्तर, बृहत्, लामा, मझौँला शैलीका सहित्यको छुट्टै विशेष र महत्व रहेता पनि हाल ठुलो जमात लघु र लघुत्तम सहित्य तर्फ आकर्षित भएको पाइन्छ ।

विश्व साहित्यमा भई रहेको परिवर्तनसँगै पछिल्लो समय नेपाली साहित्यमा पनि विविध खोज अनुसन्धान र प्रयोगको माध्यमद्वारा लघुत्तम काव्यिक विधा/उपविधाहरूको प्रयोग भई

रहेका छन् । नयाँ स्वाद र शैलीमा सिर्जना गरेर साहित्य जगतमा इँटा थप्न सक्नु एउटा महत्वपूर्ण उपलब्धि मान्न सकिन्छ ।

नेपाली साहित्यको कविता विधामा प्रयोग भएका विविध शैलीहरू मध्ये लघुत्तम संरचनामा दुई हरफमा सिर्जना गरिने टुक्का कविताले छोटो समयमा धेरै सर्जक र पाठकहरूको मन जित्न सफल भएको छ । २०७७ साल साउनबाट लेखन प्रारम्भ भएको टुक्का कविता छोटो अवधी (चार वर्ष) मा नै हजारौँ सर्जकहरूले सिर्जना गरेका टुक्का कविताहरू विभिन्न पत्र पत्रिकाहरूमा दैनिक रुपमा प्रकाशन हुनुको साथै झण्डै आधा दर्जन पुस्तकहरू (संयुक्त र एकल कृति) प्रकाशित भई सकेका छन् ।

जुनसुकै शैलीमा सिर्जना गरिएता पनि एउटा सुन्दर काव्य तयार हुनको लागि कला र भाव दुवैको उत्कृष्ट संयोजन हुनु जरुरी छ । टुक्का कविता दुई हरफमा पूर्ण कविता हो । यसको दुई पङ्तिले नै एउटा लामो कवितामा व्यक्त गर्ने जत्तिकै सम्पूर्ण भावलाई समेट्न सक्ने सामर्थ्य राखेको हुन्छ । उदाहरणका लागि तीनवटा टुक्का कविता हेरौं :-

अस्ताएर घाम आज फूलमा परे शीत,

कहाँ भुले जुनेलीमा मुस्कुराउने प्रीत ।

आज हेर्यो उस्तै छ सत्ताको हुन्छ खेल,

आफू पास भए हुन्छ देश सधैँ फेल ।

आँसुको मोल छैन यहाँ अस्तित्व नि लुटियो,

सयौँ जङ्गार तर्ने मान्छे आधा बिच छुटियो ।

प्रस्तुत "पुष्पाश्री" टुक्का कविता सङ्ग्रहमा पुष्पा राईका सङ्कलित टुक्का कविताहरूलाई नियाल्दा टुक्काकारले सबै टुक्का कविताहरू टुक्का कविताको संरचनात्मक आधारभूत सिद्धान्त अन्तर्गत विशेष गरी दुवै हरफमा अक्षर संख्या बराबर हुनुपर्ने । तुकान्त वा अनुप्रास अनिवार्य हुनुपर्ने । एकाक्षरी अनुप्रास या

तुकान्त मान्य नहुने साथै अतुकान्त हरफहरूलाई ठूलो दोष मानिने । दुई हरफमा नै पूर्ण अर्थ दिने गरि काव्यिक गुणले भरिपूर्ण कविता हुनुपर्ने नियममा बाँधिएर कविता सिर्जना गर्नमा टुक्काकार सजग रहेको पाइन्छ ।

टुक्काकार राईले सिर्जना गर्ने क्रममा प्रेमको गहिराइमा डुब्दै राष्ट्रप्रेम, बालबालिका प्रतिको प्रेम तथा प्रकृतिको प्रेम समेत पोखिएको पाइन्छ । उदाहरणका लागि यि टुक्का कविता हेरौं:-

मेरो सुन्दर नेपाल विशाल मेरो छाती,

पहाड तराइ समेट्ने सबै कति जाती ।

बाल हिंसा हुन्छ अन्जानमा बालकहरू,

प्रसस्त नै भेटिन्छन् मायाका चालकहरू ।

दिन केही नसकौंला पाए धेरै कुरा,

यही माटोमा जिउने रहर होस् पूरा ।

सङ्ग्रहित टुक्का कविताहरूको भित्रि संरचना हेर्दा टुक्का कविताको विशेषता अनुरुप यसका गहनाहरू बिम्ब, प्रतीक, अलङ्कार आदिको उचित प्रयोग गर्दै आफैंमा अर्थपूर्ण हुनेगरी टुक्का कविता लेखिएका छन् तर चोटिलो, कसिलो बनाउने ठाउँ हुँदा हुँदै केही टुक्काहरूमा भने शब्द चयन र शब्द संयोजनमा कमी कमजोरी रहेको पाइन्छ ।

प्राय सबै टुक्का कविताहरू पहिलो हरफमा विषयको उठान, विस्तार र दोस्रो हरफमा समर्थनसँगै उत्कर्षमा पुगेर समापन गरिएका छन् । थोरै शब्दमा गहिरो भाव व्यक्त गर्दै निमयममा बाँधिएर दुई हरफमा कविता लेख्नु त्यति सजिलो कार्य हैन तथापी टुक्काकारले गहिरो भाव बोकेका वजनदार, चोटिला टुक्का कविता रुपी माला उन्न सफल भएको पाइन्छ ।

माया प्रेम, पीडा, सामाजिक र राजनैतिक विकृति, विसङ्गति, भ्रष्टाचार लगायत समसामयिक विषयवस्तुमा समेटेर तयार पारिएको टुक्काकार राईको प्रथम साहित्यिक कृति

“पुष्पाश्री“ नारी हस्ताक्षरमा सङ्ग्रहित पहिलो टुक्का कविता सङ्ग्रह बन्न सफल भएको छ । समग्रमा यो अब्बल काव्य कृति बनेको छ ।

अन्तमा, टुक्का साहित्य समाजको केन्द्रीय सदस्य टुक्काकार पुष्पा राईको उज्ज्वल भविष्यको कामना गर्दछु ।

ताराप्रसाद चापागाईँ

टुक्का कविता प्रवर्तक/अध्यक्ष

टुक्का साहित्य समाज

इमेलः tara172190@gmail.com

धुनिबेसी न.पा.-९, धादिङ

हालः सितापाइला, काठमाडौँ

मितिः २५ असार २०८०

नेपाल प्रज्ञा-प्रतिष्ठान

कमलादी, काठमाडौं, नेपाल
फोन : ०१-४२२१२८३, ४२२१२४१, ४२२१२४२
फ्याक्स : ९७७-०१-४२४१७८६, ४२५७८८६
पो.ब.नं. : २३०५८, काठमाडौं, नेपाल
इमेल : office@nepalacademy.gov.np
info@nepalacademy.gov.np
वेबसाइट : www.nepalacademy.gov.np

पत्र सङ्ख्या
चलानी नं.

# शुभकामना

स्रष्टा पुष्पा राईले 'पुष्पाश्री' शीर्षकको टुक्का कविता सङ्ग्रह प्रकाशन गर्न लाग्नुभएको थाहा पाउँदा मलाई खुसी लागेको छ । छोटा रचनाप्रति पाठकको आकर्षण बढ्दै गएको कुरालाई ध्यानमा राख्दै करिब चार वर्ष अघिदेखि टुक्का कविता लेखनको थालनी भएको पाइन्छ । पछिल्लो समय स्रष्टाहरू पनि टुक्का कविता लेखनमा सक्रिय हुन थालेका छन् ।

साहित्यमा विभिन्न खाले प्रयोग हुँदै जाँदा नयाँ नयाँ विधा तथा उपविधा अस्तित्वमा आउँछन् । टुक्का कविता लेखनको थालनी पनि यसै गरी भएको हो । अक्षर सङ्ख्या बराबर भएका र अनुप्राससहितका दुई हरफका टुक्का कविता आकारमा छोटा हुने भएकाले लेखक र पाठकको आकर्षण बढ्दै गएको बुझ्न सकिन्छ । प्रस्तुत कृतिमा सङ्गृहीत टुक्का कविता पनि बिम्ब, प्रतीक र अलङ्कारको प्रयोगसँगै सुन्दर बनेका छन् । पहिलो हरफमा विषयको उठान र विस्तार गरी दोस्रो हरफले समर्थन गर्दै उत्कर्षमा पुऱ्याउनु टुक्का कविताको विशेषता हो । यस कुरालाई स्रष्टाले राम्ररी ध्यान दिनुभएको रहेछ । उपयुक्त शब्द छनोट र शब्दसंयोजनले उहाँका टुक्का कविता सरल, सरस र सुन्दर बनेका छन् ।

कृति प्रकाशनका अवसरमा म कृतिकार राईको प्रशंसा गर्दै प्रस्तुत कृतिको उच्च सफलताको कामना गर्दछु । साथै आगामी दिनमा पनि यस्तै सुन्दर रचना सृजना गरिरहन स्रष्टालाई सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

भूपाल राई
कुलपति
२०८० साउन २

# शुभकामना

टुक्का कविताले छोटो अवधिमा संसारभरि आफ्नो पहिचान बनाइसकेको छ । दुबै पंक्तिको अन्तमा अनुप्रास राखेर चोटिलो प्रहार गर्दै समाजका विकृति, विसङ्गति र बेथितिलाई उजागर गर्ने साहित्यको लघुतम विधा टुक्का कविता सबैको प्रिय विधा बनेको प्रमाण हो यसको अभ्यास पाठशालाको उपस्थिति ।

यसै क्रममा पुष्पा राईको टुक्का कविता सङ्ग्रह पुष्पाश्री प्रकाशनको खबर पाउँदा औधी खुशी लागेको छ । प्रकाशन पछि पुस्तक पढेर समालोचना गरिने नै छ ।

अन्तमा, पुष्पाजीको सुस्वास्थ एवम् साहित्यिक प्रगतिको शुभकामना !!

डा.देवी पन्थी
अध्यक्ष
चारु साहित्य प्रतिष्ठान
विराटनगर, नेपाल

मितिः २०८०/०३/२३

# शुभकामना

टुक्काकार कवि तथा टुक्का साहित्य समाजकी केन्द्रीय सदस्य श्री पुष्पा राईले साहित्यको कविता विधाको टुक्का कविता उप विधामा कलम चलाउनु भएको छोटै अवधिमा द्रुतगतिमा प्रगति गर्दै आउनु भएको छ । यो उहाँ, हामी तमाम साहित्य प्रेमी र नेपाली साहित्यका लागि खुशीको कुरा हो । अझै धेरै खुशीको कुरा त उहाँको टुक्का कविता संग्रह प्रकाशित भएको कुरा हो । उहाँको साहित्य यात्राको यो पहिलो कोसेली हाम्रो हातमा थमाउँदै गर्दाको यो क्षण र मलाई "दुई शब्द लेखिदिनुस् न सर ! "भन्ने उहाँको आग्रह मेरो निम्ति ठूलै पुरस्कार सम्झेको छु । उहाँको यो प्रगतिमा म आफूलाई सफल सम्झेको छु, र मेरो पनि सफलता हो । म भन्न चाहन्छु - पुष्पा राईजीको साहित्यक यात्रा यतिमा सिमित नरहोस्, क्रमशः अगाडि बढोस्, उहाँलाई उहाँको स्वास्थ्यले, परिवारले, समाजले र हामी सबैले सहयोग गर्नुपर्छ भन्दै उहाँको प्रगतिको लागि हार्दिक शुभेच्छा व्यक्त गर्दछु ।

श्री रामप्रसाद पुरी
टुक्का साहित्य समाज,
केन्द्रीय सदस्य
बादेल, खोटाङ

मिति २०८०/०३/१८ गते ।

# शुभकामना

मानिस हुर्किसके पछि आफ्नो क्षमतालाई समाज सामु आ-आफ्नै शैलीले प्रस्तुत गर्छन् । हाम्रो गाउँमा जन्मे र हुर्केकी नाछिरिङ समुदायकी एक चेली टुक्का कविताको कोसेली सहित आफ्नो भावनालाई हामी र आम जनसमुदायका बिच उपस्थित हुने प्रयत्न प्रति सर्वप्रथम म र नाछिरिङ समुदाय गर्ववान्नित भएका छौँ । मानिसको जीवनले सोचेका देखेका र भोगेका तितो अनि मीठो भोगाईहरुलाई सबैका सामु थोरैले मात्र देखाउन सक्छन् । असंख्य विधाहरुमा कलम चलाउँने धेरै छन् । त्यसै भित्र आफ्नो पहिलो कलम टुक्का कविता विधामा चलेकोमा म पुष्पालाई बधाई दिँदै अन्य विधाहरुमा समेत निरन्तर कलम चलोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

सक्कल बहादुर नाछिरिङ राई
अध्यक्ष
कि.रा.ना.सा.केन्द्र ।

मिति २०८०/०३/१९ गते ।

# शुभकामना

गायनमा रुचि राख्ने खोटाङ ऐसेलुखर्कको चेली पुष्पा राई विगत केही महिना देखि सामाजिक सञ्जाल फेसबुकमा टुक्काका हरफहरुको चाङ लाउँदै गरेकी भेटेको थिएँ । पुर्वेली भूमिमा जन्मिएको अधिकांश व्यक्ति साहित्यिक विधामा कदम नचाल्ने विरलै होलान् यो नौलो टुक्का विधामा लागेर आफ्ना सृजनालाई यति छिटै पाठक सामु पुऱ्याउने पुष्पाको यो प्रयत्न सह्रानिय छ । आफ्नो कलालाई पाठक र आम जनताको बिचमा प्रस्तुत गर्ने काममा सफलता मिलोस्, यहि शुभकामना !

युवराज राई
नाछिरिङ प्रथम सगरमाथा आरोही ।

मिति २०८०/०३/२० गते ।

# मेरो भनाइ

जिन्दगीको भोगाई, मनको भावना पोख्ने क्रममा कहिले गीत मार्फत कहिले गजल त कहिले कविता कोर्ने कोशिस गर्थे । यस क्रममा मलाई एउटा निश्चित बाटोको आवश्यकता थियो । तर मैले त्यो बाटो भेटाउन सकेकी थिईन । अन्यौलतामा लेख्ने कोशिस मात्र गरिरहेकी थिएँ ।

एक दिन मेरो आदरणीय गुरु राम प्रसाद पुरीज्यूले टुक्का कविताको बारेमा मलाई बताउनु भयो । त्यस पछि मैले पनि टुक्का कविता लेख्ने कोशिस गर्न थालेँ । बराबर अक्षर संख्या, अन्तमा तुक मिलाउने र दुई लाइनमै सम्पूर्ण भावार्थ पुर्ण हुने यसको नियम मलाई अति नै उत्तम लाग्यो । विशेष गरी जतिसुकै ब्यस्त भएपनि मनको बह शब्दमा उतार्न समय खर्चिनु नपर्ने, कुनै बिशिष्ट आसन बिना सृजना गर्न सकिने सरलताले म जस्तो सिकारुहरूको ध्यान आकृष्ट नगर्ने अवस्था नै रहेन । त्यसपछि मैले लेख्न शुरु गरी वहाँ कै सल्लाहमा टुक्का कविता समूहमा पोष्ट गर्न शुरुवात गरें । विद्यालय तहको शिक्षा देखि अहिले टुक्का साहित्य सृजनामा समेत बाटो देखाई अघि बढाउने वहाँको वौद्धिक कदमको प्रसंशा जति गरेपनि अपुग रहन्छ, वहाँप्रति नमन सहित हार्दिक आभार !

त्यस पछिका दिनहरुमा मैले आफ्नो उत्तम भाव पोख्न नसके पनि गन्तब्यमा पुग्ने बाटो भेटाएको महशुस गरेँ । सिर्जित हरपहरूलाई टुक्का कविता समूहमा पोष्ट गर्न थालेँ । यसको सबै भन्दा उत्कृष्ट कार्य भनेको नियम संगत टुक्का कविता मात्रै अनुमोदित हुँदो रहेछ । यसो हुँदा सिकारु टुक्काकारहरूलाई प्रशस्तै मात्रामा सुधार गर्ने अवसर मिल्ने रहेछ । यस्तो मार्गदर्शन टुक्का कविता साहित्य समाजको उत्कृष्ट काम लाग्यो ।

यसरी टुक्का कविता लेख्ने र पोष्ट गर्ने क्रममा मैले जिन्दगीको उत्तम गुरुको रुपमा टुक्का साहित्य समाजका अध्यक्ष तारा प्रसाद चापागाईंज्यूलाई प्राप्त गरेँ । वहाँले अलिकति पनि झर्को फर्को नगरी टुक्का कविताको कखरा सिकाउन खुब मेहनत

गरिदिनु भयो । निरन्तर प्रेरणा, प्रोत्साहन, भाषा शुद्धता लगायत पुस्तक प्रकाशनको अन्तिम दिन सम्म वहाँको मार्ग निर्देशको उल्लेख गर्ने मसँग कुनै शब्द छैन । वहाँप्रति ओभ्भिलो श्रद्धा सहित आभार टक्र्याउँछु ।

समाजमा घटेका घटनाहरु, जिन्दगीका कतिपय यथार्थ भोगाइहरु, देशप्रेम प्रतिको भावना, समाज र प्रकृति प्रतिको सम्पुर्ण भावहरु मैले टुक्का कविता मार्फत ब्यक्त गर्ने अवसर पाएँ र यसरी अनायासै फुरेका मनोभावना समेटिएका टुक्काका चाङ पोष्ट गर्दै जान थालेँ । अन्ततः ती टुक्काहरुलाई आम साहित्य प्रेमी, टुक्काकार लगायत आम पाठक समक्ष पुऱ्याउने रहर पूरा गर्न टुक्का कविताको सङ्ग्रह "पुष्पाश्री" प्रकाशन गर्ने निधो गरेँ ।

"पुष्पाश्री" प्रकाशन गर्ने क्रममा शुभकामना सहित हौसला दिनुहुने नेपाल प्रज्ञा-प्रतिष्ठानका श्रद्धेय कुलपति भूपाल राईज्यू, चारु साहित्य प्रतिष्ठान, विराटनगरका श्रद्धेय अध्यक्ष डा.देवी पन्थीज्यू र लेखन तथा प्रकाशनमा प्रेरणा दिनुहुने टुक्का साहित्य समाजका मेरा सहकर्मी मित्रहरू प्रति धन्यवादका साथ कृतज्ञता अर्पण गर्दछु ।

कठिन परिस्थितिहरूमा साथ दिँदै साहित्य सिर्जनामा सहयोगी भूमिका निभाउनु हुने मेरो जीवन साथी, कृष्ण राना, छोरी ओजिसा, भानिज प्रकृत तिमल्सिना, परिवारका अन्य सदस्यहरु र आफन्तजन तथा पुस्तक प्रकाशनमा हौसला र प्रेरणा प्रदान गर्नु हुने वेलायत निवासी आदरणीय दाजु विश्वेश्वर राईज्यू, काठमाडौं बानेश्वर निवासी आदरणीय समाजसेवी सिद्धि नारायण महर्जनज्यू, किराँत राई नाछिरिङ साखाम केन्द्रका अध्यक्ष सकल नाछिरिङज्यू, सिरहा लाहान निवासी राम भरोस चौधरीज्यू, ऐंसेलुखर्क २, खोटाङका ईश्वर राईज्यू, प्रथम नाछिरिङ सगरमाथा आरोही युवराज राईज्यू र किराँत राई नाछिरिङ साखाम केन्द्रका पुर्व कोषाध्यक्ष प्रभा राईज्यू लगायत सम्पूर्ण आत्मिय साथीहरू, शुभचिन्तकहरूमा हार्दिक धन्यवाद ।

**३ साउन, २०८०** **पुष्पा राई**

## एघार अक्षरका टुक्काहरू

१

अमर छैन मानिसको चोला,
रमेर बाँच्नु भोलि जे त होला ।

२

जानेर पनि मन लोभ गर्छ,
एक दिन हाम्रो शरीर मर्छ ।

३

नगर्नु चासो दुनियाको धेर,
आफ्नै काममा धेरै हुन्छ बेर ।

४

मन हो यो फकाएर मान्दैन,
साँचो के त्यसले ढाँट्न जान्दैन ।

५

मुस्कुराउछ ओठ मन हाँसे,
सन्तोषले जिउछ प्रिती गाँसे ।

६

चोटहरू सहन्छ मन भित्र,
हाँसोले छोप्दैन पीडाका चित्र ।

## बाह्र अक्षरका टुक्काहरू

७

कहिले काहीं यो जीन्दगी पिउनु,
नसा मै भए पनि तिमी जिउनु ।

८

हारमा पनि कहिले रमाउनु,
केही नभए नि साथी कमाउनु ।

९

आशाले फुल्छ हरेक चिजहरू,
काम लाग्छ रोपे नयाँ बीजहरू ।

१०

आज मेरो गाउँ बिरानो भएछ,
सँगै खेलेको सङ्गी टाढा भएछ ।

११

डाँडा पाखा जंगलले नि भुलेछ,
खरबारी पाखा सेताम्य फुलेछ ।

१२

बोलाए गाउँलेले परदेशी भनी,
बितेका एक एक पलहरू गनी ।

## तेह्र अक्षरका टुक्काहरू

१३

जात धर्म वर्ण हेरी लाइन्न माया,
प्रेम भित्र देखिन्छ प्रकृतिको छाया ।

१४

आशाहरू अनगिन्ती मायामा फूल्छन्
माया कै फूलबारीमा ती प्रेमी भुल्छन् ।

१५

प्रेमीको मायामा धेरै तागत हुन्छ,
फेरि धरातल टेकी गन्तव्य छुन्छ ।

१६

जिन्दगी सङ्घर्षको अर्को नाम माने,
त्यसै कारणले सही जिउँन जाने ।

१७

एक खुट्किलो पछि आउँछ नै अर्को
यात्रा दोहोरिँदा मान्नु भएन झर्को ।

१८

सुख दुःख जीवनको साथी पो रहेछ,
हर बाधा अड्चन् जिन्दगीले सहेछ ।

१९

समयले मिलायो, तिमी सँग साथी,
तिम्रो त्यो मानवता आहा कति माथि ।

२०

मिठो बोली तिम्रो मान्छे सारै नै जाती,
विश्वास लाग्छ नि छैन विश्वासघाती ।

२१

ढुक्क पोख्न सक्छु,म मनका यी कुरा,
सधैँ होस् है तिम्रो हरेक इच्छा पूरा ।

२२

भयावह लाग्छ बिरामीको लस्करी,
सहि नसक्नु हस्पिटलको तस्करी ।

२३

रोगले सतायो भए सबको हेला,
ती नै हस्पिटल मेडिकलको खेला ।

२४

निजी अस्पतालले रित्तो पारे घर,
अन्तमा हुनुछ सरकारीको भर ।

२५

महँगा टेस्ट निजी तिर देखाउने,
टेस्ट र औषधी कति हो लेखाउने ।

२६

माया गर्नु जीवनको स्वास्थ्य नै धन,
नसताउनु आफू खुशी राख्नु मन ।

२७

सोझा साझा भेटे उनकै मन रेटे,
ठुलोको चाकरी सानालाई त मेटे ।

२८

जस्तो सोच त्यस्तै बनाए कर्महरू,
भुले है मान्छेले मानव धर्महरू ।

२९

बिर्सिए है सबैले मर्नु पर्ने कुरा,
जसरी पनि हुनै पर्ने इच्छा पूरा ।

३०

कठिन छ समय सँग हिड्न साथी,
लक्ष्य छ प्रयास भन्दा धेरै नै माथि ।

३१

एक थरि मैदानमा सम्पन्नहरू,
अर्को प्रयासरत छन् विपन्नहरू ।

३२

गन्तव्य दुबैको एउटै प्राप्ति गर्नु,

सम्भव छ है त्यो जसले सक्छ मर्न ।

३३

समयले हर चिज दिंदो रहेछ,

जीवनको यात्रा नै परीक्षा भएछ ।

३४

कति आउँछन् उतार चढावहरू,

भोलि झर्नु भन्दा चढ्दै नचढ्नु बरु ।

३५

आँखा देखेसम्म छितिजलाई हेरेँ,

स्मरणीय क्षणहरू मायाले बेरेँ ।

३६

फूल र जिन्दगी उस्तै लाग्छ मलाई,

मुस्कुराउनु पर्छ मन यो जलाई ।

३७

भिरमा पनि फूल्नै पर्‍यो फूलहरू,

नचाही हुन्छ यहाँ कति भुलहरू ।

३८

सधैँ भरि सही बाटोको हुन्छ खोजी,

हिड्नु पर्छ सधैँ सुन्दर बाटो रोजी ।

## चौध अक्षरका टुक्काहरू

३९

आज यहाँ भोलि कहाँ मानिसको चोला,
म जन्मेको गाउँ घर बिरानो भो होला ।

४०

याद आयो वन पाखामा घाँस काटेको,
भ्याउरे गीतको भाकामा माया साटेको ।

४१

पल्लो घरे सानी अचेल के गर्दै होला,
सुक्यो होला घाँस जाँदा पौडिएको खोला ।

४२

केही छैन यो शहरमा मेरो नाउँमा,
आउँदै छु फर्केर मेरै आफ्नै गाउँमा ।

४३

सङ्घर्षले सिमा नाघ्यो बाँकी केही छैन,
देखेका सपना सबै केही पनि हैन ।

४४

बाँकी जीवन बित्छ नि गाउँमै रमेर,
साथी सङ्गी सधैं बस्नु शहर जमेर ।

४५

चाहेको थिएँ खुशी बाँडेर नै जिउने,
चाहा हैन बिना कारण आँसु पिउने ।

४६

जिउँने रहर थियो मन भरि गुने,
बाँकी यी सपना एक एक गरी बुने ।

४७

यात्राहरू अन्यौलता थियो कता जाने,
जीवन यो फेरि सङ्घर्षको नाम माने ।

४८

बढ्दै छ हरेक दिन प्रदूषण धेरै,
नसोच फोहोर तेरो सफा जति मेरै ।

४९

मानिस सबै परिवार पृथ्वी हो घर,
अक्सिजन पाउन रुखको हुन्छ भर ।

५०

सकेसम्म धुलो धुवाँ घटाउनु पर्छ,
वृक्षारोपण गरौँ सुन्दरताले भर्छ ।

५१

भर्नु पर्छ चाहनाका सबै रित्तो झोली,
सिलाऊँ भने अभावले फाटेको चोली ।

५२

धेरै चोटी रमाउने मौका त्यसै गए,
आफ्नो सबै नजिकैमा तर टाढा भए ।

५३

कति पटक कुरेँ सफलताको लर्को,
सङ्गत गलत होकी मानिदियो झर्को ।

५४

सबैको आफ्नै जिन्दगी लिनुहुन्न चासो,
अनावश्यक चासो लिँदा परिन्छ पासो ।

५५

काम नभए आफैँलाई नियाल्नु पर्छ,
व्यस्त जीवनले मात्रै खालिपन भर्छ ।

५६

आफैँ भित्र रमाउनु तुलना नगर्नु,
आफैँ हिड्नु है अरूको भर नपर्नु ।

५७

त्यो बाला पनहरू फर्कि आउने भए,
कति मीठा पलहरू नचाहेरै गए ।

५८

कति थिए रहर जिन्दगी रमाउने,
पल पलको भोगाइहरू कमाउने ।

५९

अबको यात्रा एक्लै हिड्ने प्रयत्न गर्छु,
कहीँ कतै चोट रहे मलमले भर्छु ।

६०

हजारौँ भिडमा पनि जहिले म एक्लै,
परिस्थितिको कारण जहिले म बेग्लै ।

६१

जब आउँछ कुरा देशको चिन्ता लाग्छ,
निदाउन लाग्दा पनि आँखाहरू जाग्छ ।

६२

मेरो सपना के थियो भुलि सकेँ मैले,
देशले मुहार फेर्न अझै हो कहिले ।

६३

आज हेऱ्यौ उस्तै छ सत्ताको हुन्छ खेल,
आफू पास भए हुन्छ देश सधैँ फेल ।

६४

यो मौसम प्यारो लाग्छ तिमी साथ भए,
हाम्रो प्रेमको निसानी हर ऋतु गए ।

६५

तिम्रो साथ पाएँ भने सयौँ जुनी खुल्छु,
तिम्रो माया पाएर हजार जुनी फुल्छु ।

६६

बुझाइमा फरक हुँदा साथ नछोड्नु,
भुल भए कतै नाता कहिले नतोड्नु ।

६७

जीवनको अन्तिम घडीमा पुग्दा खेरी,
काखको नानी सम्झिएर रोए म फेरि ।

६८

डाक्टरको औषधिले मलाई गलायो,
आधा जीवन ऐया आत्था गरि थलायो ।

६९

माया मारे उनले र आफन्तले पनि,

जीवन दिने भावी आए ईश्वर बनी ।

७०

थाहा भएन कहीँ चुके जस्तो लाग्दैन,

तिमी हाँस्नु खेल्नु खुसी कहिले भाग्दैन ।

७१

यी आँखाको नानिमा सजाएर राखेकी,

तिम्रो खुशीको लागि वरदान मागेकी ।

७२

हाम्रो खुशी नै मेरो जीवनको चाहना,

सुख दुःखमा तिमी नै जिउने बाहना ।

७३

मन भरि सम्झनाको तरेली छाउने,

झझल्को बनि हरपल तिमी आउने ।

७४

जिन्दगीमा तिमी मेरो खुसी बनि आयौ,

जन्म जन्म नछुटिने चोखो माया लायौ ।

७५

टोलाउँछु अनायासै सम्झी तिमीलाई,

बोलाऊ सपनीमा सुटुक्कै तिमी आई ।

७६

सारै दुःख छ जागिरेको जिन्दगी हेर,

हतारै हतारमा जान्छ जिन्दगी खेर ।

७७

पाइन्न है परिवार सँग रमाउन,

नत सकिन्छ समयलाई समाउन ।

७८

नत पुग्छ जागिरको कमाइले खान,

आफैं काम गर्नु र खुसी भइन्छ जान ।

७९

चाल नपाई कतिले छुरा चलाउँछ,

मलाई थाहा थियो दीपले जलाउँछ ।

८०

मनभरि दुखेको पीडा लिइ हाँसेको,

जिन्दगी यस्तै हो व्यथा लुकाइ बाँचेको ।

८१

देखाउन सकिन्न मन भरिका बह,

दुखि रहने घाउ रहेछ माया मोह ।

८२

भुल पनि कहिले त जानेर नै हुन्छ,
पछि फेरि सम्झिएर मन किन रुन्छ ।

८३

सोचे जस्तो हुन्न यात्रा बीच भेल हुन्छ,
जीवन हजारौँ बोझले उचाई छुन्छ ।

८४

सुस्ताएर नियाल्छु जीवन एक छिन,
टोलाउँदै फेरि अस्ताइन्छ एक दिन ।

८५

को होला यो देशलाई स्वर्ग बनाउने,
नेपाली जनताले उत्सव मनाउने ।

८६

अब आउला परिवर्तन भन्दा भन्दै,
सदियौँ बित्यो यी दिनहरू गन्दा गन्दै ।

८७

जिन्दगी आउँदैन फेरि केही गरन,
मर्नै पर्छ त देश बनाएरै मरन ।

## पन्ध्र अक्षरका टुक्काहरू

८८

आँखा तिमी सुन्दर चिजहरुलाई हेर,

सुन्दर मनको चोखो मायाले सधैँ बेर ।

८९

सपनाहरुमा तिमी कम नै टोलाउनु,

हरेक खुशीहरुलाई आफैँ बोलाउनु ।

९०

मायामा फुलेका हरेक फूल सजाउनु,

हर बिहान सङ्गीतको धुन बजाउनु ।

९१

धर्म की कर्म ठूलो अलमलमा परियो,

कर्म फुल्ने फूलबारीमा काँडाले भरियो ।

९२

कहाँ भुल्न सकौँला र नेपाल मेरो देश,

माया लाग्छ सधैँ यहाँको भाषा अनि भेष ।

९३

टाढिने छैन मेरो मन म सँग कहिल्यै,

छुटाई यो छुट्दैन मै सँग हुन्छ जहिल्यै ।

९४

यसमा सम्झौता छैन न त छ कुनै रिस,

चोखो मायामा कहिले पनि उब्जन्न बिष ।

९५

आँखाको नानीहरुमा लुकि बसेको छाया,

दिलमा खिलि राखेकी छु अजम्बरी माया ।

९६

लेख्न मन लागेको छ मन भित्रको कुरा,

अनगिन्ती मानिसको चाहना हुन्न पूरा ।

९७

जिती विश्वास दुनियालाई जिउन साह्रो,

आफन्तले दुखाएको सहन कति गाह्रो ।

९८

लाग्दैन थियो मलाई खुसीले जलाउँछ,

मान्छेहरू भित्र भित्रै नि छुरा चलाउँछ ।

९९

भिड मै पनि टोलाउँछु तिम्रै हुन्छ खोजी,

हजारौँको भिडमा पनि लिन्छु तिमी रोजी ।

१००

विश्वास अनि भरोसा तिमीलाई नै गर्छु,

जिन्दगीको बगैँचामा म नौलो रङ्ग भर्छु ।

१०१

मनभरि सजाएर राखेँ नि तिमीलाई,

सताएर जान्छौ सपनीमा किन मलाई ।

१०२

मेरो सुन्दर नेपाल विशाल मेरो छाती,

पहाड तराई समेट्ने सबै कति जाती ।

१०३

रमाउँछु पाखा पखेरामा हाँस्दछ मन,

हिमालको सुन्दर छायाँमा नाच्दछ तन ।

१०४

लालि गुँरास सँगै फुल्छ मोहनी लाउँदै,

बिताउँछु यहीँ पिरतीको गीत गाउँदै ।

१०५

समयले जिन्दगीलाई जिउन सिकायो,

मरेका आशाहरू परिस्थितिले झिकायो ।

१०६

सोचे जस्तै जीवन कहिले हुन्न रहेछ,

किन होला कुन्नि जीवन यो स्थिर भएछ ।

१०७

एउटा मोडमा आएर जीवन छोडियो,

सुन्दर ती यात्राहरू अब अन्तै मोडियो ।

१०८

कस्तो दिन आयो कठै त्यो मान र त्यो शान,

देशलाई गद्दार गरे छाड्ने छैन जान ।

१०९

आक्रोशित के बन्नु हेर माया छ लागेको,

कसलाई भरोसा गर्ने विश्वास  भागेको ।

११०

युवाहरूलाई छैन रोजगारी देशमा,

कङ्गाल बनाए देश इमान्दारी भेषमा ।

१११

फरक देख्छु बदलियौ या मेरो सोचाई,

हर चिजहरुमा तिमी पहिलो रोजाई ।

११२

मन मेरो न बिझाउने तिम्रो बोलीहरू,

बन्द भए कि कसो हो मायाका खोलीहरू ?

११३

म उस्तै छु हैन भने तिम्रो मनमा खोज,

हर काँडाहरू बिचमा फूलहरू रोज ।

११४

समयले विवशता सँग यसरी खेले,
जिन्दगी मोडियो हरेक परिस्थिति भ्केले ।

११५

सोचे जस्तो पनि कहाँ जीवन हुन्छ यहाँ,
हरेक परिस्थिति अनुकुल हुन्न त्यहाँ ।

११६

हाम्रो यो जिन्दगी मात्र एक चोटी आउँछ,
हरेक वसन्तमा खुसीको गीत गाउँछ ।

११७

आँखाहरू हेरि रहेछ आउने त्यो दिन,
कर्ममा लेखिएका मेटाउन ती नै छिन ।

११८

भोगाइहरूले सिमा काट्यो कति म सहुँ,
दुःख देखि सबै भाग्छन् दर्द को सँग कहुँ ।

११९

सुख बाँड्न सबै नै पराई पनि आउँछन्,
दुखियाको कहानी गीत बनाई गाउँछन् ।

१२०

हिजो लाग्छ मलाई तिम्रो हात समाएको,

सँगै जिउने बाचा गर्दै हामी रमाएको ।

१२१

कति छोटो लाग्छ आज सँगै काटेका दिन,

सम्हालेर राख्छु सधैँ तिमी सँगका छिन ।

१२२

गुनासो छैन मलाई जीवनमा कहिले,

जिन्दगीमा भर्न सिके नयाँ रङ्ग जहिले ।

१२३

हरेक साल झैं आयो भन्छन् नारी दिवस,

नाबालिका ज्यान सुम्पिन नहुन् है विवश ।

१२४

हट्नु पर्छ नचाहिँदो संस्कारहरू अब,
हुनु राम्रो नीति अनि नियमहरू सब ।

१२५

बिना विभेद पाउनु पर्छ हुर्कन छोरी,

उठ्नु पर्छ रुढीवादी जन्जिरलाई फोरी ।

१२६

गर्व गर्दै जाने भयो जीवन हाम्रो यसै,

समयको बरबादी भो खेर गयो त्यसै ।

१२७

पर निर्भर बन्नु पर्‍यौ छैन रोजगारी,

हाम्रो जीवनलाई बनायौ पृथ्वीको भारी ।

१२८

सबै नै देश बनाउने कुरा मात्रै गर्छन्,

आफ्नो फाइदा हेरिकन अलि तल झर्छन् ।

१२९

मेरो खुसी खोज्दै तिमी गयौ नि अरबमा,

जिन्दगीको सपना बेच्यौ कति खरबमा ।

१३०

म पनि तिम्रो पीडा कहिले पनि भुल्दिन,

तिमी बिना सोह्रै सिंगार कहिल्यै खुल्दिन ।

१३१

बसि रहेछु तिमी आउने दिन त्यो गनेर,

मायाहरू साँचेकी छु तिमीलाई भनेर ।

१३२

समय परिस्थिति उस्तै रहँदैन हेर,

जीवनले नयाँपन खोज्छ नगर्नु देर ।

१३३

अरूको खुसीमा लुकाएँ कति दुःखहरू,

आफ्नोको खुसीमा भेटाएँ मैले सुखहरू ।

१३४

प्रशंसा गर्न नथाक्ने सधैं मेरो देशको,

हिमाल पहाड तराई मौलिक भेषको ।

१३५

प्रकृतिको सुन्दरताले भरिपूर्ण आहा,

गौरव पूर्ण वीरतामा लागेको छ लाहा ।

१३६

पिर लाग्छ मलाई यस्तै रहन्छ रहन्न,

बाँडि चुँडि मिली निमोठी खाएको सहन्न ।

१३७

घर भित्रको अशान्तिले दुख्छ बाल मन,

हास्न खेल्न नसकेर झुक्छ त्यो शिर झन ।

१३८

संगत बढ्छ खराबको खान थाल्छन् ट्याप,
सडकको बास कठै नशामा हुन्छन् भ्याप ।

१३९

आमा र बाबा परेवा भैँ हुने भने जोडी,
घर छोडि हिड्दैनन् ती रगत नाता तोडी ।

१४०

अस्ताएर घाम आज फूलमा परे शीत,
कहाँ भुले जुनेलीमा मुस्कुराउने प्रीत ।

१४१

तिमी बिना बिर्सिन्छ रे लालिगुराँस हाँस्न,
बिना तिमी शून्य लाग्छ सकिन्न प्रीति गाँस्न ।

१४२

औँसीका रातमा पनि पूर्णिमा भैँ आउनु,
रुभ्फाउने वर्षामा घामको लाली छाउनु ।

१४३

संघर्षले बनाएको जिन्दगी हाम्रो पूरा,
जीवन सधैँ जिउन सकुँ नहुन् अधुरा ।

१४४

थप्दै जाउन् आशाहरू जिन्दगीमा जहिले,
तिमी सपना देख न पूरा हुन्छ अहिले ।

१४५

सधैं फुल्न सिकुँ हिउँदको शीतमा अनि,
सम्हालेर राख्छु तुसारोको जितमा पनि ।

१४६

अब सहज छ तिमी सँग माया लाउन,
एक नजर चियाउन पर्दैन धाउन ।

१४७

मन भित्रका कथा व्यथा ढुक्कले साटौँला,
सुख दुःख जे नै आओस् आपसमा बाटौँला ।

१४८

फाटिदिन्छ बादल पनि हाम्रो माया देखी,
छैटौं दिनमा सक्या हो कि सम्बन्ध यो लेखी ।

१४९

वर्षौं लागे जस्तो लाग्छ पाउलाहरू फेर्न,
डाँडाहरू होच्याउँ लाग्छ तिम्रो देश हेर्न ।

१५०

नभन गयो बैँस जिन्दगीको चक्र हेर,
जसरी बितायो बित्छ फिक्रि नगर धेर ।

१५१

चिन्ता नगर आफ्नोको छोडेर जानै पर्छ,
आफूलाई दबाएर नराख खुशी मर्छ ।

१५२

जीवनमा रोएर अरूको मन नटाल,
अमूल्य छ जीवन यो त्यसै खेर नफाल ।

## सोह्र अक्षरका टुक्काहरू

१५३

मन पर्दैन थियो उपनामले बोलाएको,
देख्न कठिन हुन्थ्यो नि पीडाले टोलाएको ।

१५४

वनभरि गीत गाउथेँ घाँस काटन जाँदा,
वनै रमाइलो लाग्दथ्यो कटुस टिपी खाँदा ।

१५५

भन्न सक्दिन अतितलाई लुकाउन गाह्रो,
मनमा सजिएको तस्बिर हटाउन साह्रो ।

१५६

मन भरिका पीडाहरू लुकाएर म हाँस्दा,
दर्द सहेकी छु भोलिलाई खुसिहरू साँच्दा ।

१५७

अनगिन्ती आउँछन् तर्कनाहरू मन भरी,
सम्भन्छु अन्तिम क्षणहरू बित्ला कसो गरी ?

१५८

भावना चलाउनेहरू पल पलमै मर्छन्,
दिमाख चलाउनेहरू त मनपरी गर्छन् ।

१५९

हेरन आखिरमा दुबैले यो संसार छोड्दा,

मानिसले आखिरी पाउने के यात्रा यो मोड्दा ।

१६०

जीवनमा धेरै लिनेले पनि भोलि के लान्छौ,

कस्को कारणले यहाँ आयौ र हरेस खान्छौ ।

१६१

भन्नलाई भन्छौ तिमी आकाशको तारा झार्छु,

तिमीलाई पाइन भने आफैँलाई नै मार्छु ।

१६२

समयले बताउँछ सम्बन्धका कसीहरू,

खर्च भाको छकि छैन भाग्य लेख्ने मसीहरू ।

१६३

शिर निहुरियो देशको आज विदेशी सित,

होसियार रहनु पऱ्यो नहोस् दोषीको जित ।

१६४

गौरवशाली देश मेरो फेरि छ झुकेको,

पीडा पोख्ने ठाउँ छैन आफै भित्र छ दुखेको ।

१६५

स्वर्ग पाएर पनि यसलाई नर्क बनाए,
आफ्नो स्वार्थमा देशलाई लाचारी भनाए ।

१६६

जबसम्म सोचमा परिवर्तन आउँदैन,
समाजमा कुनै खुशीको उज्यालो छाउँदैन ।

१६७

म नै हुँ जसरी ठुलो अरूलाई देख्ने सानो,
खाने र लाउने सबैले उस्तै पृथ्वी हो छानो ।

१६८

अरुलाई दुःख दिई आफू नै ठुलो ठान्नेले,
सबैको चैन छिनेर आफू महान मान्नेले ।

१६९

आधा रातको तारा गन्दै सिरेटोले झस्कियो,
कतै काँडा बिझे जस्तै यो मुटु भित्र चस्कियो ।

१७०

सधैँ दुख्ने भएर हो कि दुखाई भुले जस्तो,
मूल्य यी घटेर हो कि लाग्छ मोल झनै सस्तो ।

१७१

लेख्न खोज्छु जीवन भोगाई कलम रोकिन्छ,
अनगिन्ती पीडा पोख्न नपाई श्वास रोकिन्छ ।

१७२

देखाउलान् नि सपना सधैँ साथ दिन्छु भनी,
नबस्नु है हात बाँधी त्यो दिन आउन्न पनि ।

१७३

आफूले गरे आउँछ सोचेका ती दिनहरू,
नगरे पनि बिति दिन्छन् अमूल्य छिनहरू ।

१७४

अस्थिर भयो देश युवा जति विदेश तिर,
सत्ताको पर्मले सगरमाथाको झुक्यो शिर ।

१७५

पसिनाको मोल छैन महँगीले सिमा नाग्यो,
देश र जनता जे गरुन् स्वार्थ अति नै जाग्यो ।

१७६

एक दिन त्यो आउने छ हर खुसी लिएर,
जानेछ त केवल अनगिन्ती सौदा दिएर ।

१७७

आँसुमा फुल्दै हुर्केको एकान्तमा रमाउने,
हरेक मौसमका बहार सबै समाउने ।

१७८

आस्थारुपी दृढ संकल्पका शिखर त्यो हेरी,
जतन गरि सम्हाल्ने मन भित्र माया बेरी ।

१७९

मन जति फूलको बनायो ओइलिने डर,
जन्म दिने आमा नै भुल्नेको के मान्नु र भर ।

१८०

ढुङ्गा सँग ठक्कर खाएको नि पत्तै भएन,
कस्तो दाग लाग्यो कठै नि निसान मेटिएन ।

१८१

कोमल थियो भयो अब मन पत्थर जस्तो,
कम पो मोल तोकेँ कि तिमीलाई लाग्यो सस्तो ।

१८२

हरेक रात साक्षी राखि कुरे बाटाहरुमा,
मलम लगाउँदै छु चोटका खाटाहरुमा ।

१८३

आज फेरि एकान्तमा रमाउने बानी पऱ्यो,
खुसीले हाँसेको थिएँ अचानक आसु झऱ्यो ।

१८४

मेरो खुशी हुने बानीहरू बदि्लएर होला,
खुशीमा पनि किन बगिदिन्छ आँसुका खोला ।

१८५

छुने छैन कहिले साना साना कुराहरुले,
चोट कतै लाग्दैन रोपे पनि छुराहरुले ।

१८६

बाल हिंसा हुन्छ है अन्जानमा बालकहरू,
प्रशस्त भेटिन्छन् यहाँ मायाका चालकहरू ।

१८७

सामाजिक सञ्जालमा सावधान रहनु,
होसियार रहौँ पर्दैन तिरस्कार सहनु ।

१८८

नउम्कने जाल थाप्छन् यी निस्कनलाई गाह्रो,
समयको बरबादी कुरा जान्या कति साह्रो ।

१८९

यो जन्म काफी छैन तिमीलाई माया लाउन,

हजार जन्म जन्मिउँला चोखो माया पाउन ।

१९०

हरपल मीठो लाग्छ तिम्रो यादमा जिउँदा,

त्यो भन्दा मीठो अझै तिम्रो मायालाई पिउँदा ।

१९१

लगाएनौ वचन कहिले मन दुख्ने गरी,

सम्झना नै काफी भयो जिउन जीवन भरी ।

१९२

कति फरक छ जीवन उ म सँग हुनुमा,

त्यति नै फरक छ जीवन र लक्ष्य छुनुमा ।

१९३

हर पाइलामा मलाई उस्को साथ चाहिन्छ,

उन्को हर उपस्थितिमा समर्थन पाइन्छ ।

१९४

उसको कारण हिड्ने साहस सधैँ नै जाग्छ,

बिताइएका एक जुनी एक पल झैँ लाग्छ ।

१९५

स्वतन्त्र मेरो देश नेपाल सधैँ रहनेछ,
अन्याय बाहेक अरू सबै कुरा सहनेछ ।

१९६

स्वतन्त्रताको लागि अंग्रेज सँग नि झुकेन,
देशलाई बचाउन लडे चोटमा दुखेन ।

१९७

सम्झौता केही नगर देशलाई घात हुने,
सम्झिएर नेपाली भूमि नपरोस् कोही रुने ।

१९८

तिमी हिड्ने त्यो छितिजहरुलाई म के हेरौँ,
सकिन्न तिमी सँगको कथाहरू कति केरौँ ।

१९९

आशा मारेको छैन एक दिन तिमी आउने,
तिम्रो हातको सिन्दुर र सात फेर लाउने ।

२००

मन भरि साँचे मायाका सौगात अनगिन्ती,
सपना नतोड्नु है मुटुको माया मेरो बिन्ती ।

२०१

कहिले त देखेको सपना पनि कति मिठो,
मिलनका दिनमा समय झनै कति छिटो ।

२०२

कोपिलाहरू मै फक्रिन्छ नि आशाहरू झन,
मायाको फूलबारीमा हराऊँ भन्छ यो मन ।

२०३

तिमी सँगको प्रेमको चर्चा गर्न मन लाग्यो,
अब फेरि जुनी जुनी जिउने चाहना जाग्यो ।

२०४

सबै मान्छे एउटै हो भावना सबको हुन्छ,
दुखाइ सहन नसक्दा मन सबको रुन्छ ।

२०५

साहरा केवल तिमी नै मेरो जिउने साथी,
नाता सम्बन्ध भन्दा सधैँ बिचार हुन्छ माथी ।

२०६

आजका बालबालिका नै भोलिका कर्णधार,
सक्षम बनाऊँ छोरा छोरी यी हुन् अधिकार ।

२०७

संवेदनशील हुन्छन् नखेल्नु भावना सङ्ग
योग्य छोरा छोरी नै बन्छन् देशको एक अङ्ग ।

२०८

पीडित हुन्छन् उनीहरू बा आमा गल्ती गरे,
कसलाई खुसी मिल्छ छोरा छोरी बिचो परे ।

२०९

चाहनाको पहाड ढालेँ बाध्यतामा जहिले,
सपना बन्दकी राखेथेँ हिसाब भो अहिले ।

२१०

वचनै त्यति महँगो छ साथको खै के आश,
जिउनुको खै के मजा जिएर जिउँदो लास ।

२११

विश्वासका सम्बन्ध टुट्छ नै घात हुन थाले,
तस्वीर के मुटुको एक टुक्रा निकाली फाले ।

२१२

हर पलहरू सुन्दर छन् सजाउने भए,
आउँदैन फेरि फर्केर यो पल त्यसै गए ।

२१३

अचेल हरेक बस्तुहरुमा म मोल देख्छु,
तीता मीठा कुराहरू सबै हृदयमा लेख्छु ।

२१४

दुनियाँलाई बिझ्काउने छैन रहर कति,
लुकाएर राखुँला मनका सबै व्यथा जति ।

२१५

घरि घरि सपनाहरुले तर्साएको बेला,
आफन्तहरू नै बिरानो सबैको हुने हेला ।

२१६

जति पाइला अघि बढेँ त्यति पाइला झरेँ ।
कहिले कहीँ बाध्यतावस दोधारमा परेँ ।

२१७

सक्ने भए कठै मानिसले सधैँ चोला फेर्न,
थाक्दैन कहिल्यै आँखा यी गन्तव्यलाई हेर्न ।

२१८

आज मौसमसँगै रमाउने बानी परेछ,
हिउँद लागेर अचेल शीतहरू झरेछ ।

२१९

ती शीतलहरले जाडो सँग मित लाएको,
सँग सँगै यात्रा गर्ने कसमहरू खाएको ।

२२०

यी आशाहरू घाम सँगै रमाई हाँस्ने अब,
खुसीका दिन सँगै वसन्त ती आउँछ जब ।

२२१

हजार बाधा पन्छाएर उठ्नु पर्छ जहिले,
दुःखमा पनि रमाएर जुट्नु पर्छ अहिले ।

२२२

दिन यहाँ आउँदैन उस्तै बहार बनेर,
झुक्दैनन् कोही नि कसैको लागि साथी भनेर ।

२२३

मायाहरू मुस्कुराइ दिन्छन् सधैँ साथी बनी
कठिन हुँदा दीयो बाल्छन् रात परेछ भनी ।

२२४

नबिझाउनु कसैलाई दुख्छ है काँडा सरी,
घाउ निको होला खाटा रहन्छ जीवन भरी ।

२२५

अजम्बरी भए पनि जिन्दगी यो कस्तो होला,
फेरियो चोला फर्किन्न नि फर्किन्छ बरु खोला ।

२२६

बेरोजगार भयौँ नि सबै भोकमरी चल्छ,
गरिबीले देश डुब्दा यो मन सबको जल्छ ।

२२७

उदास आँखाहरू टोलाउँछन् तिम्रै खोजिमा,
याद समेटेर राखेकी छु मनको गोजिमा ।

२२८

बोलाउँदिन म तिमीलाई निष्ठुरी रहेछौ,
भ्रममा आफ्नो ठाने कहिले पराइ भएछौ ।

२२९

बोलीमा अल्झिएर मिठास लाग्थ्यो कुराहरू,
फूल लिएँ लाग्थ्यो कति बेला धस्यौ छुराहरू ।

२३०

दुखाएँ कि तिमीलाई मैले तितो बोली बोली,
पिराएँ कि तिमीलाई यो मनको कुरा खोली ।

२३१

पोख्न धेरै बाँकी छ तिमी सँग मनका कुरा,
जति पोख्यो मनको चाहा हुन्न रहेछ पूरा ।

२३२

मन छैन तिमीलाई सताएर रुवाउने,
मन छैन तिम्रो आँसु अनायासै चुहाउने ।

२३३

आधा जीवन पूरा भयो आधा रह्यो यसै,
रहरहरू बाँकी नै छन् जाने हो की त्यसै ।

२३४

यात्रा गर्दा जिन्दगी कतै रोकिन्छ कि मोडमा,
हाँस्दै थिए जिन्दगीमा रोइ दिएछु चोटमा ।

२३५

सुख दुःख यस्तै हो भनि बुझाएँ कति दिन,
दुख्छ छाती चिरिएर सम्झिँदा नि कुनै छिन ।

२३६

नयाँ वर्ष तिमी खुसीहरू लिएर आउनु,
सबैको मन मस्तिष्क भित्र उल्लास छाउनु ।

२३७

शुभकामना छ जिन्दगी सहज बन्दै जाओस्,
सोचे झैं हर सपनाहरू पुरा हुँदै आओस् ।

२३८

सबैलाई यो जिन्दगी सुन्दर फूल झैँ लागोस्,
नयाँ वर्षले सबैमा उत्साह उमङ्ग जागोस् ।

२३९

तिम्रो पनि मेरो जस्तै नलेखिने छ कि कथा,
कसैलाई नदेखाई लुकाएको छ कि व्यथा ।

२४०

तिमी दोबाटोमा कसैलाई कुर्दै छौ कि कसो ?
अँध्यारोमा टोलाई रहेको देख्छु धेरै जसो ।

२४१

आधा रातमा ताराहरू गन्दा गन्दै जहिले,
मडारिन्छ बादल जून उदाउनु पहिले ।

२४२

आफ्नै छायाँ आज किन बिरानो लाग्छ मलाई,
मरुभूमि सल्किएर आफैँलाई भाग्छ जलाई ।

२४३

आँसुको मोल छैन यहाँ अस्तित्व नि लुटियो,
सयौँ जङ्घार तर्ने मान्छे आधा बिच छुटियो ।

२४४

सपनाले पनि तर्साउछ आधारात हुँदै,
जिन्दगीको कथा लेख्छु हरेक साँझमा रुँदै ।

२४५

हजार जङ्घार तरे पछि भेट भाको उनी,
हामी सँगै जिन्दगी यो बिताउँला सात जुनी ।

२४६

हर पाइलामा अघि बढ्दा तिम्रो साथ पाए,
कहिले पनि साथ नछोड्नु है कसम खाए ।

२४७

तिम्रो र मेरो मायाको जवानी सधैँ फुलोस्,
हाम्रो त्यो सम्बन्धको यात्रा सधैँभरि खुलोस् ।

२४८

तिम्रो कारण जिन्दगीमा नयाँ बहार आयो,
अनगिन्ती खुसीका लहर यो मनमा छायो ।

२४९

बयान गर्न सक्दिन म साथ अनि मायाको,
आजीवन जरुरी छ तिम्रो शीतल छाँयाको ।

२५०

कठिन लाग्दैन तिमीसँग हर बाटोहरू,
त्यसैले खास छ मेरो जिन्दगीका पाटोहरू ।

२५१

सोच्दा सोच्दै एकान्तमा बिते कति रातहरू,
यात्रामा भेटिए यात्री छुट्दै गए साथहरू ।

२५२

सोचे जस्तो जीवन काहाँ छ र जिउनलाई,
मात हैन यो जिन्दगी नसामा पिउनलाई ।

२५३

जन्मे पछि बढ्दै जान्छ छोटो हुँदै दिनहरू,
हर पाइला समेट्नु स्मरणीय छिनहरू ।

२५४

मनले किन जिन्दगीलाई चियायो यसरी,
दुनियाले छलछाम गर्दै रुवायो बेसरी ।

२५५

झुक्याएर खोसेको छैन मैले कसैको भाग,
मन जलेर खरानी भयो बाँकी रह्यो राग ।

२५६

सपना झैँ जिन्दगी भयो बिपना टोलाउँछु,
टार्दै गएको सपना फेरि पनि बोलाउँछु ।

२५७

हरपल मेरो बारे नै सपना बुन्छौ आमा,
ममताहरू संगालेर किनि ल्याउछौ जामा ।

२५८

सन्तानलाई हसाउन जीवनभरि लाग्छौ,
हरेक सपना पूरा गर्न रात दिन जाग्छौ ।

२५९

मैले थोरै आँसु झारेँ भने हलचल हुन्छ,
तिम्रो हर सङ्घर्षले आमा, मन साँच्चै रुन्छ ।

२६०

प्रकृतिको सुन्दर रचना हो मानिस हेर,
जिन्दगी फुलाइ रहनु पर्छ नगर्नु देर ।

२६१

जीवन बोझ होइन यो काममा लगाउनु,
हरपल सुख दुःख आशाहरू जगाउनु ।

२६२

खुसी नै खुसी हुन्न जीवन आँसु पनि झर्छ,
हामीले जे गर्‍यौं त्यो रहन्छ शरीर त मर्छ ।

२६३

सोचे जस्तो अझै हुन्न रहनु युवा होसमा,
देश सजिलै बन्दैन बोले जसरी जोसमा ।

२६४

यही देशमा जन्मेर कोही गर्व सधैं गर्लान्
कोही भने देशलाई धिकार्दै धिकार्दै मर्लान् ।

२६५

थाहा भै सक्यो आफ्नो बसको कुरा मात्रै गरौँ,
सबै एक छन् त्यसैले बाँचौँ अकालै नमरौँ ।

२६६

कति सरल छौ तिमी बुझ्ने मेरो चाहनामा,
तिमीलाई जान्नु नै छ पढ्ने केही बहानामा ।

२६७

साँच्चै तिमी यात्राको असल यात्री बन साथी,
मेरो पीडा सुन्न सक्ने सोचाई छ कति माथि ।

२६८

मैले जति सोचेको छु त्यो भन्दा असल बन,
यात्रा थाहा छ कि हर दुबिधा म सँग भन ।

## सत्र अक्षरका टुक्काहरू

२६९

कहिले नथाक्ने मेरो बाबा पसिना पुछ्दै हाँस्थे,
बाल बच्चाको भविष्य खोज्दै सपनाहरू गाँस्थे ।

२७०

बिहानीको झिस्मिसेमा कुखुराहरू सँगै जाग्थे,
ओछ्यान हुँदै सबलाई छोडी काम तिर लाग्थे ।

२७१

हेर कहिले पनि नथाक्नु है केटा केटी भन्थे,
बाल बच्चाको मुहार हेर्दै आफ्नो उमेर गन्थे ।

२७२

दुनियाँलाई खुसी बनाउँदै कति दुःखी भएँ,
सिधा बाटोहरुमा काँडा थिए मोडिएर गएँ ।

२७३

सहज बाटो पनि कहिले कठिन बनि दिन्छ,
अभावका अमूल्य जीवन पनि सस्तोमा किन्छ ।

२७४

मूल्यवान बनाउँन जीवन यात्रा मोड्नु पर्छ,
पीडा सहन नसकेर यहाँ कति आँसु झर्छ ।

२७५

यो देशमा कानुन पनि सानालाई लागु हुने,
ठुलाको दोष सबै मयल झैँ साबुनले धुने ।

२७६

फसिए काम गर्ने कहाँ गए काम लगाउने,
दुस्साहस हुन्छ निर्दो फसाई दोषी भगाउने ।

२७७

दोष मुक्त मानिस कोही नि छैन दुनियाँ भरी,
त्यो मन मुटुमा सजिएकी तिम्रै दिलकी परी ।

२७८

आँखाको नानी भित्र अटाउँछु दिलमा सजाई,
मायाको अनुभूति सँगाल्नु छ नभाग जलाई ।

२७९

जीवनको कथा लेखुँ भने कसैको आँसु झर्ला,
जोसिलो मन यो फुल्न नपाई ओइलिनु पर्ला ।

२८०

सफलताको कथा लेखुँ सङ्घर्ष धेरै बाँकी भयो,
सँगै जीवन जिउन नपाई त्यसै खेर गयो ।

२८१

सपना जस्तो लाग्छ खै कहिले काहीं सबै कुरा,
सोचेका कुराहरू कहाँ  हुन्थे र खै सबै पूरा ।

२८२

खुलेर जिउनु जिन्दगी यो उपहार हो मान,
अमूल्य छ यो जीवन हाम्रो हरपलमा जान ।

२८३

जिन्दगीमा आँसुहरू पल पलमा झरे पनि,
पिउनु खुसीले सधैँभरि अमृत हो यो भनि ।

२८४

माया गर्नु है आफैँलाई हाँसी खुसी हुन्छ अनि,
साँचेर खुसी बाँड्नु सबैलाई भाग्छ दुःख पनि ।

२८५

भरोसा गर्यौ पराइको धोका पाको पत्तै हुन्न,
आफ्नो कारण जीवनमा मन कहिले नि रुन्न ।

२८६

जिउनु जीवन सधैँ बतास काफी झर्नलाई ।
आशा जगाइ राख्नु खाली यो जीवन भर्नलाई,

२८७

सरल व्यवहारले बिझायो होला तिमीलाई,
साँप बनेर डस्यौ पछाडिबाट सुटुक्क आई ।

२८८

हजारौँ बज्र सही यहाँ सम्म आइपुग्दा खेरी,
कति चोट सहनु परिस्थिति सँग झुक्दा फेरी ।

२८९

निष्पट्ट अध्यारो थियो साथ दिएन त्यो जूनले,
त्यो बेला हरेक साहस बटुल्दै थिए उनले ।

२९०

उनको त्यो साथले धेरै भेल तर्न सिक्दा खेरि,
जिन्दगीमा सधैँ नौलो रङ्ग भर्न सिकेँ नि फेरि ।

२९१

आँसुको मोल के थाहा पत्थरको मन हुनेलाई,
भावनाको के कदर स्वार्थको शिखर छुनेलाई ।

२९२

खुसी हुने मनहरू अँधेरीमा टोलाउँन थाल्यो,
मनमा सजिएका तस्विरहरू ती निकालि फाल्यो ।

२९३

दुनिया मतलबी छ भरोसा नपर्नु कहिले,
आफूले चाहेको आफैँले पूरा गर्नु है जहिले ।

## अठार अक्षरका टुक्काहरू

२९४

उभौली साखेल्वाको सबैलाई शुभकामना मेरो,
आउनु है चण्डीमा यस्तै रहेछ जिन्दगीको फेरो ।

२९५

भेटघाट गर्नु पाइन्न कहिले काममै भइन्छ,
फरिया चोली शिरफुल लगाइ नाच्न पो गइन्छ ।

२९६

मनको पीडा बिर्सेर केही छिन रमाइ नाचौँला,
सुख र दुःख यस्तै हो सखी हाँसेर हामी बाँचौँला ।

२९७

आमा तिम्रो सपना साकार बनाउने चाहनामा,
धेरै चोटि हारिसकेँ म थकाई मार्ने बहानामा ।

२९८

तिम्ले देख्ने हर सपना मनमा छ लेखि राखेकी,
तिम्रो सपना पूरा गर्न जिन्दगी मेरो छु जाकेकी ।

२९९

मेरो खुसी खोज्दै आमा तिमीले दुःख गर्थ्यौ नि धेरै,
आफ्नो खुसीहरू बन्दकीमा राखी चिन्ता गर्थ्यौ मेरै ।

३००

आँसुको मोल के थाहा पत्थरको मन हुनेलाई,
भावनाको के कदर स्वार्थको शिखर छुनेलाई ।

३०१

खुसी हुने मनहरू अँध्यारीमा टोलाउन थाल्यो,
मनभरी सजिएका तस्बिरहरू निकाली फाल्यो ।

३०२

सहज सँगै असहज भो सामाजिक सञ्जालले,
असल भन्दा खराब सिकाउँदै छन् यी जञ्जालले ।

३०३

ऋण काढेर नै किन नहोस् मनाउनै पर्ने चाड,
आम्दानीको स्रोत छैन हामीले केलाई मान्ने आड ।

३०४

अस्थिर छ सधैँ सरकार विकासको कुरा छैन,
रमाउनु सधैँ नै दुनियाँलाई देखाउनु हैन ।

३०५

काँडै बिछ्याइयोस् यात्राहरुमा गन्तव्यमा पुग्नेछु,
अस्तित्व र स्वाभिमानको लागि जति पनि झुक्नेछु ।

३०६

जन्मिए हार्न हैन हरेक परिस्थितिमा लड्नेछु,
हर बाधा अड्चन सँग जिन्दगीमा अघि बढ्नेछु ।

३०७

यहाँसम्म आइपुग्दा सहज कहाँ थियो मलाई,
हिड्ने छु बिगतका कमी कमजोरी सबै जलाई ।

३०८

मनभरि देशको माया बोकी लाग्छन् विदेश तिर,
अमन चयन सुशासन छैन भविष्यको पीर ।

३०९

जिन्दगी एक सुन्दर उपहार सम्हालेर राख्नु,
जिउनेले भन्छन् अमृत रे जीवन मन छ चाख्नु ।

३१०

फेरि पाइन्न है जीवन दुःख नदिनु मनलाई,
जीवनको महत्व अपार छ न दाँज्नु धनलाई ।

३११

मायाले सिँगार्नु सधैँ जीवन अति सुन्दर लाग्छ,
आशा पलाउछ मनमा उत्साह र उमङ्ग जाग्छ ।

३१२

हेर्ने आँखालाई पनि सुन्दर बनाउनु रहेछ,
हेराइले नै बिना कारण दुःख र पीडा सहेछ ।

३१३

कति समय बिते यथार्थ कुरा पत्तो नै नलागी,
यो मन त्यसै मरि दिन्छ जिउने रहर नजागी ।

३१४

साट्न नमिल्ने जीवन बाँड्न नमिल्ने जवानी हेर,
दुःख पीडा सँगै जिन्दगीको कहानी लुकेको धेर ।

३१५

मेरो हाँसो भित्र उत्तौलो नदेख दर्द लुकाएकी,
घमण्डी हैन चाल पाउला कि पीडाले दुखाएकी ।

३१६

अरूलाई जवाफ किन दिनु थाहा छ मेरो बाटो,
कहानी उस्तै हो फरक केवल जीवनको पाटो ।

३१७

यसै पनि हारेको मान्छे म नदेखाऊ आसहरू,
मरि सकेको मान्छे म दोबाटोमा हेर लासहरू ।

३१८

हिम्मत छैन दर्दले भरिएका मन दुखाउने,
अनगिन्ती चोटले भरिए पीडा कहाँ लुकाउने ।

३१९

जिन्दगीमा हरेक प्रयास एक्लै गर्नु पर्दा खेरी,
जिन्दगीलाई डोऱ्याउँदै यात्रा एक्लै भइयो फेरि ।

३२०

म सँगै हाँस्ने धेरै साथी बनाए आँसु एक्लै झार्छु,
मनका हर चाहना मनलाई फकाएर मार्छु ।

३२१

अन्जान मै बाटो बिराएँ भने ती लाटो पनि बोल्ने,
बुझ्दैनन् यहाँ कसैले भावना कोसँग पीडा खोल्ने ।

३२२

जिन्दगीको हर पन्नामा सफा लेख्ने कोसिस गरेँ,
भोगाइका टुक्रा जोडेर जिन्दगीको डायरी भरेँ ।

३२३

यहाँ मान्छे हर चक्र पार गरी बिलाउनै पर्छ,
हाम्रो जिन्दगी जवानी सँगै फुल्छ र ओइली झर्छ ।

३२४

मान्छेमा लालच अति हुन्छ अर्कालाई धोका दिन्छन्,
संसार छोड्दा के नै पाइन्छ सबै मेरो भन्दै लिन्छन् ।

३२५

रमाउन सकुँ सधैँ यही देशको हराभरामा,
सुन फलाउन सकुँ यही देशको गरा गरामा ।

३२६

हसाउन सकौँ आमालाई पसिना यहीँ बगाई,
नचाउन सकौँ सधैँ माटोको शिरफूल लगाई ।

३२७

कमी छैनौ हे मेरी आमा हाँसन हिमाली भाकामा,
अप्सरा झैँ सुन्दर छौ तिमी गुँरास फुल्दा पाखामा ।

३२८

नेपाली हामी धेरै छन् हाम्रा संस्कार सँस्कृतिहरू,
असल कुरा लिऊँ फालौँ विसङ्गति विकृतिहरू ।

३२९

धेरै राम्रा छन् संस्कार हाम्रो एकतामा जोड दिऊँ,
जो नराम्रो छ संस्कार यसलाई कसैले नलिऊँ ।

३३०

त्यही दिन थियो तल्लो जात माथिल्लो छुत अछुत,
मानिसले बनाएका आफ्नो लागि स्वार्थ त्यो कर्तुत ।

३३१

नगर देखावटी माया अर्काले महसुस गर्छ ,
सम्हाली राखेको अनमोल आँसु यो व्यर्थैमा झर्छ ।

३३२

नदेखाऊ सपना पूरा गर्न सक्दैनौ यदि भने ,
टाढा रहँदा मिलनका हरेक पलहरू गने ।

३३३

पीडाले छल्किएका मनहरू सम्हाल्न गाह्रो भयो ,
छिया छिया भएर मन चङ्गासरी उडेर गयो ।

३३४

साथी त तिमी जस्तै हुनु बाटो सम्हाल्न लगाउने ,
सङ्घर्षको त्यो मैदानमा थाके हौसला जगाउने ।

३३५

धेरै पल्ट जितमा पनि हारको महसुस हुँदा ,
सम्झाउने तिमी जस्तै हुनु यहाँ त्यसै मन रुँदा ।

३३६

आजकल पाउन धैरै गाह्रो असल मित्रहरू,
सङ्कटहरुमा देख्न सकौं मित्रताका चित्रहरू ।

३३७

दुखाउने बानी छैन हेर बिना कारण कसैलाई,
झुटको खेती गर्ने बानी छैन सित्तै कसम खाई ।

३३८

कसैले भन्थे आँखा चिम्ली विश्वास गर्नु हुन्न भनी,
उति खेर वास्ता कहाँ गरेर मनको भएँ धनी ।

३३९

यो जुनिमा लेखेको रहेछ सबै खाले मान्छे चिन्ने,
म सँग के नै बाँकी रह्यो र सम्पति विश्वास किन्ने ।

३४०

तिमी जहाँ जाउ तिम्रो इमान्दारीता साथमा राख,
कसैलाई लात मार्नु अघि सम्झनु आमाको काख ।

३४१

कपटको यो जितले मन सधैं जलाउछ साथी,
त्यो भन्दा त जीवन सङ्घर्षमा बिताउनु नै जाती ।

३४२

सपनाहरू परिवर्तनको साँच्चै सपना भयो,
थाहा पाउँदा पाउँदै कति धेरै योजना नि गयो ।

३४३

हरेक मनको कुरा खोल्न सक्छु तिमीसँग साथी,
हर सम्बन्ध भन्दा उत्कृष्ट त्यसैले यो नाता माथि ।

३४४

यो मनका व्यथा लुकाउछु सबै अरू मान्छे सङ्ग,
सुख दुःख तिम्लाई बाँडी मनमा भर्छु नयाँ रङ्ग ।

३४५

ठग्ने बारे नसोच्नु धेरै ठगिएको मान्छे आँसु झर्ला,
जिउन दिनु त्यो आत्मा थाहै नपाई मौनतामा मर्ला ।

## उन्नाइस अक्षरका टुक्काहरू

३४६

कहिले नेपाली आफ्नै देशमा रमाई बस्न पाउने ?
हामी नेपाली जनताको मुहार खुसियाली छाउने ।

३४७

महसुस भएन बन्धनमा बाँधिएको कुनै दिन,
तिम्रो कारणले आँसु बगाउनु परेन कुनै छिन ।

३४८

मैले बाटो बिराए सही बाटो देखायौ साथ दिएर,
मेरा चाहा पूरा गर्न लाग्यौ सधैँ आफू सादा जिएर ।

३४९

हरेक मेरा बैगुनहरूलाई आफ्नो गुणले मार्‍यौ,
मलाई पूर्ण बनाएर आफूलाई भने सधैं टार्‍यौ ।

३५०

जिन्दगी हिमाल झैँ अटल बन्छ उर्जा भरि रहनु,
रोक्न कोही आए पहाड बनी तुफान सरी बहनु ।

३५१

मनै अस्ताए पछि फेरि आउने आशा गर्न सकिन्न,
भित्रैबाट मजबुत रहेमा खालि बाहिर मकिन्न ।

३५२

थाकेका तिनै मनलाई लिई बाँच्न कति गाह्रो हुन्छ,
हरेक पल उदास उदास मन फेरि त्यसै रुन्छ ।

३५३

तिमीले छोडेको मान्छे म मागन गयौ मन्दिरमा किन,
तिरस्कार सहँदै तड्पिएको कसरी भुलुँ त्यो छिन ।

३५४

हरेक बाटो बन्द थियो सम्झि रोएँ कति रातहरू,
दर्द बाँड्न कोही थिएन छोडे पछि तिम्ले साथहरू ।

३५५

मन छैन यो जिन्दगीमा फेरि घाउलाई दुखाउने,
सहन सक्दैन यो मनले फेरि पीडा कहाँ लुकाउने ।

## बीस अक्षरका टुक्काहरू

३५६

के दिनु पर्छ र केवल मिठो वचनले संसार भुल्छु,
जस्तो सुकै परिस्थिति आए पनि सुन्दर फूल झैं फुल्छु ।

३५७

तिम्रो मायामा साँच्चै कति उर्जा छ कठिन केही लाग्दैन,
बिना तिम्रो मुस्कानले मन भित्रको मानवता जाग्दैन ।

३५८

दुनियालाई जित्नु भन्दा गाह्रो त मनलाई जित्नु हुन्छ,
यति त नखरा हुन्न सानो सानो कुरा जम्मा गरि रुन्छ ।

३५९

आफूले आफैंलाई बिना कारण सताउछ त्यसै पनि,
बुझ्दै नबुझी दुखि दिन्छ सबैले माया मारे क्यार भनी ।

३६०

पुरस्कार जित्नु परेन कठै त्यसै पनि खुसी कहिले,
आफूलाई खुशी पार्नु है अरूलाई खुशी पार्नु पहिले ।

३६१

आजकल कति महँगो भयो मानिसका सम्बन्धहरू,
स्तरले मान्छेका व्यवहार हुन्छ के साइनो खोजूँ अरू ।

३६२

आँखाहरू मस्त छन् निदाउन सपनामै ब्युझने छैन,
झुल्के घामको न्यानोपनलाई कहिले पनि भुल्ने हैन ।

३६३

कति टोलाएँ रातहरुमा ताराहरुको त्यो चमक सङ्ग,
फूलको जवानी हेर्न मस्त थिएँ फेर्दै गयो हर रङ्ग ।

३६४

मित्रतामा सरलता होस् कुनै कुरामा देखावटी हुन्न,
बिना छल कपट सम्बन्ध राम्रो, मन कहिले रुन्न ।

३६५

यी मनले देख्न थाल्यो हजार फूल बीच त्यो सुनाखरी,
लगाइ रहुँला सुनगाभालाई प्रीतिको आँचल भरी ।

३६६

चाहिंदैन एक दिनको छुट्टी समान ज्याला नै चाहिन्छ,
रात दिन खटियो खान पुग्दैन त अनि हार खाइन्छ ।

३६७

मजदुरको जिन्दगी के जिन्दगी सपना साँचेर काम,
संसार बदलियो त्यसको हात छ मजदुर हो नाम ।

३६८

पाखुरीको भरले सधैँ जहान छोरा छोरी पाल्नु पर्छ,
कहिले नथाक्ने महान् मजदुरले घोर सङ्घर्ष गर्छ ।

३६९

पृथ्वी तिमीले टुक्राटुक्रा राज्यहरुलाई एक बनायौ,
नेपाल अनि नेपालीको एकतामा महोत्सव मनायौ ।

३७०

तिमी जस्तो शाहसीहरू यहाँ अरू नि जन्मिएका भए,
अझै पनि यो देश हेर जस्ताको तस्तै सयौँ बसन्त गए ।

३७१

तिमी फेरि पनि जन्मिनु है देशको मुहार फेर्नलाई,
देश कता जाँदैछ आउनु है एक पटक हेर्नलाई ।

३७२

हरेक सपना बोकेर हिड्छ मान्छे भविष्यलाई भेट्न,
सक्दैन कहिले नि चाहनाको ओइरो केही गरि मेट्न ।

३७३

जीवनको के छ र भरोसा थाहै नपाई टपक्कै लान्छ,
त्यो पापी कालले जवानी भन्दैन हेर कप्लक्कै खान्छ ।

३७४

हरेक ती मान्छेको चाहाना हुन्छ सुन्दर सपना देख्ने,
साहसले मात्र यहाँ पूरा हुन्छ सपना साकार लेख्ने ।

३७५

कल्पना कति मिठो हुन्छ कामै नगरी नि देख्न पाइने,
मेहनत त्यति नै गर्नु पर्छ सफलतालाई चाहिने ।

३७६

काम गर्‍यो थकाइ लाग्छ कामै छोडेर भागौं कि झैं लाग्ने,
जहाँको त्यहीँ रहनु पर्छ  हेर दुःख देखि सधैं भाग्ने ।

३७७

तिनी गर्भिनी सँग सहनशीलताको परीक्षा नलेऊ,
जन्म दिने ती आमा उनलाई ममताको भिख नदेऊ ।

३७८

आँसुको सागर नि लुकाउन सक्छिन् तिम्रो खुशीको लागि,
आफूलाई भुल्दै तिम्रो भविष्य कोर्छिन् है रात दिन जागी ।

३७९

त्यति बेला अबलाको जवानी देखि नभड्किनु कहिले,
आफूलाई भुल्छौ तिमी त्यही बेला आमा सम्झिनु जहिले ।

३८०

यो समयलाई समाउन पाए पनि कस्तो हुन्थ्यो होला,
त्यसै पनि एकदमै महत्वपूर्ण छ मानिसको चोला ।

३८१

खेर नफ्याँक्नु समयको सदुपयोग गर्नु है जहिले,
साँच्यो भने सधैँ पछि रहन्छौँ काम गर्नु पर्छ पहिले ।

३८२

सपना हरेकले देख्छन् गर्नेको सधैँभरि पुरा हुन्छ,
असहज यात्राहरुमा सङ्घर्ष गर्नेले शिखर छुन्छ ।

३८३

नजान्नेलाई समयले हरेक चिजहरू सिकाउँछ,
महङ्गो छैन बोलीको हरेक वचनहरु बिकाउँछ ।

३८४

मलाई लाग्थ्यो बोल्न हुदैन फेरि पछि पूरा गर्न गाह्रो,
कति मीठो मीठो बोल्छन् है मान्छेहरू चिन्नलाई नै साह्रो ।

३८५

बोल्छन् जति त्यसको आधा चौथाई जति मात्र सत्य हुन्छ,
विश्वास नगर्नु है कसैको पनि भोलि त्यसै मन रुन्छ ।

३८६

हरेक समय मेरै भागमा उलझन किन आउँछन्,

खुशीहरूमा पर्दा लाग्दै किन बादलहरू त्यो छाउँछन् ।

३८७

कोसिस गर्दैछु म जिन्दगीलाई नयाँ मोडमा ल्याउने,

समयहरूले किन होला ठक्कर दिएर नै झ्याउने ।

३८८

उदाएको किरणहरू सँगै म जिन्दगीमा उर्जा भर्छु,

कोपिलाहरू मै शीत परि दिन्छ त फुल्न नपाई झर्छु ।

३८९

एक पाइला चालि सकेँ कति नि डर छैन अब हिँड्न,

समयले सिकायो हरेक परिस्थितिहरू सँग भिड्न ।

३९०

अबला थिएँ कति ठाउँहरूमा नचाहेर पनि हारेँ,

अस्तित्व बचाउनलाई मनका ती इच्छा चाहना मारेँ ।

३९१

नसकेको अवश्य हुँला मैले दुनियाँलाई हसाउँन,

एक पल पनि खर्चेको छैन नि कसैलाई फसाउँन ।

३९२

सपनाहरूले तर्साउन थाले कतै लुटिने पो हो कि,
जीवनको निरन्तर यात्री बनौँ सपना हजार बोकी ।

३९३

जीवन कति सुन्दर लाग्छ हेर तिमी सँगै जिउँदामा,
सजाएर राखौँला सधैँभरि तिम्रो चिनो यो सिउँदामा ।

३९४

आत्मा भित्र सजाएर राखौँला म तिम्रा सबै यादहरू,
निभाउन सकौँ म जुनी जुनी तिमी सँगका साथहरू ।

३९५

बोल्नलाई पैसा लाग्दैन सित्तैमा आकाशको तारा झार्छन्,
काल आउनु नै पर्दैन एक पल मै हाँसी हाँसी मार्छन् ।

३९६

जीवनलाई खेलौना सम्झनेहरू सँग पो डराउनु,
जीवन सधैँ सफल बनाउने त्यो सपनामा हराउनु ।

३९७

स्वार्थहरू पूरा नभए सम्म बोल्छन् है यिनी मीठो बोली,
लोभ लालचमा नफस्नु है नानीहरू रुन पर्छ भोलि ।

## एक्काइस अक्षरका टुक्काहरू

३९८

समय किन आउँदैन जुन दिन म खुशीमा रमाएको,
परिस्थितिले हरबार जिन्दगीका यात्रा कति समाएको ।

३९९

अघि बढ्दै गयो बार बार रोकिन्छ जिन्दगीका यात्राहरू,
विकल्पहरू छ कि छैन खै मोडिदा जिन्दगीका यात्रा अरू ।

४००

परिस्थितिले धकेल्दै लग्यो समय बितेको पत्तै भएन,
मनमा समेटिएका इच्छा चाहना यो केही गरि गएन ।

४०१

सपना पुरा गर्ने सुरमा कतै बालापन खोसेँ कि मैले,
एक्लै रमाउने पो भयौ गल्ती थियो महशुस भयो ऐले ।

४०२

जति नै सफलता पाऊँ तिम्रो भविष्य बिना हुन्छु अधुरो,
अन्जानमै ममताबाट बन्चित भयौ भने हुन्छु अपुरो ।

४०३

तिम्रो बारेमा सपना देख्दै समय बितेको पत्तै भएन,
मेरो अभावमा तड्पियौ कि यो मनबाट सङ्कोच गएन ।

## तेइस अक्षरका टुक्काहरू

४०४

हरपल तिम्रो बगैंचामा फुलाउने विचार छ जिन्दगीलाई,
हरेक मौसमहरू झेल्दै फुलिदिन्छु म चुमिदिनु तिमी आई ।

४०५

रातमा आकाशका ताराहरू गनौंला तिमी र म सँगै बसेर ,
हरदम स्वागत छ तिमीलाई राज गर्नु दिल भित्र पसेर ।

४०६

तिमीलाई आँखाको नानिमा सजाएकी छु दिल भित्र लुकाएर,
यो जिन्दगी एक साथ कटाउँला हरेक सुख दुःख फुकाएर ।

४०७

नयाँ पुस्तालाई शुभकामना लेख्न नचल्ने तिम्रा कलमहरू,
जिन्दगीका हरेक मोडहरूमा बन्नेछन् ती सबै मलमहरू ।

४०८

विरोध गर्न मन लागेन देशको बागडोर सम्हाल्ने भ्रष्टलाई,
आज सडकमा कराउने नि भोलि उस्तै हुँदो रहेछ त्यहाँ आई ।

४०९

हिजो त्यो सडकमा साथी थियौ आज पदले अलग बनाएछ,
धरातल बिर्सियौ तिमीले त्यही पदले त मालिक भनाएछ ।

## चौबिस अक्षरका टुक्काहरू

४१०

कहिले काहीँ कठिन हुँदो रहेछ सही र गलत थाहा पाउन,
सितल छहारी कस्लाई मन नपर्ला र मन लाग्छ फेरि धाउन ।

४११

जिन्दगीमा हरेक कुराको खाँचो रहेछ जीवन चलाउनलाई,
साना साना कुराहरू काफी रहेछ कोमल मन जलाउनलाई ।

४१२

यहाँ मनकारीलाई रित्याउछन् मान्छेहरू मनै रित्तो हुने गरी,
सहज लिनेले हाँसेर जिउछन् पछुताउने रुन्छन् जीवन भरी ।

४१३

कृतिम दुनियाँमा चल्दा चल्दै हरेक चिजमा कृतिमता भेटियो,
स्वच्छता छैन न त सुद्धता हरेक चिजमा प्राकृतिकता मेटियो ।

४१४

मान्छे किन देखावटी बन्दै गएका दिल छैन दिमाग चलाउँछन्,
चतुर बने दुनियाँलाई छकाएर सोझाहरूलाई जलाउँछन् ।

४१५

भुलेको होला रित्तै आएथ्यौँ रित्तो नै जानुपर्छ संसार यो छोडेर,
एकबारको जीवन खुलेर बाँच्नु है नजानु अर्कालाई तोडेर ।

## सत्ताइस अक्षरका टुक्काहरू

४१६

जिन्दगीलाई कहिले सताउँछु कहिले फकाउँछु त्यै पनि सुन्दर लाग्छ,
सरसराउने मन्द हावाको झोकाहरूले पनि निभ्न खोज्दै दियो झैँ जाग्छ ।

४१७

हजार बाधाहरूको बिचमा पनि अगाडि बढ्नु छ जिन्दगीमा रमाउँछु,
रोकेर सकिन्न अनगिन्ती उतार चढाव आउँछन् खुशीहरू समाउँछु ।

४१८

आकाशको तारा हेर्दै रमाउने म डुब्न लागेको जुन हेर्दै निरास हुन्छु,
कल्पना नै किन नहोस् जीवन पाइलाहरूले सफलताका शिखर छुन्छु ।

४१९


म पहिले गाउँमा हुँदाखेरी कामको चटारोमा रमाएर असार लाग्थ्यो,
माना रोपेर मुरी उब्जाउने चाहनाले मनमा उत्साह र उमङ्ग जाग्थ्यो ।

४२०

धेरै सालहरू बितिसके शहरमा असारले तर्साउँदै खुशी लुटेको,
कसरी हो कसरी मेरा अनगिन्ती रहरका ताना सपना जस्तै टुटेको ।

४२१

मलाई जहाँ एकपल पनि टिक्न मन छैन त्यहीँ मेरो कर्म थलो भयो,
उत्पादन भएका सयौँ मुरी बालीहरू खडेरीमा जस्तै त्यसै खेर गयो ।



नाम : पुष्पा राई
ठेगाना : ऐंसेलुखर्क - २, खोटाङ
हाल : टोखा, काठमाडौं
शिक्षा : स्नातकोत्तर (समाजशास्त्र)
रूचि : साहित्य, संगीत
ईमेल : pusparai312@gmail.com
बुवा : रघुमान राई
आमा : आशमायाँ राई

ISBN: 978-9937-1-4377-6
9 789937 143776